# प्रेस-विज्ञप्ती

## Dhaka International Trade Fair (DITF) 2019 मा नेपालको सहभागिता

जनवरी ९ देखी फेब्रुअरी ८, २०१९ सम्म बंगलादेशको राजधानी ढाकामा आयोजना हुने 24th Dhaka International Trade Fair (DITF) 2019 मा नेपालको सहभागिताको लागी ७ वटा स्टल सहितको केन्द्रले मिनी पेभिलिनयनको व्यवस्था गरी नेपाली उद्योग व्यावसायीहरुको सहभागिता गराएको छ । नेपाली राजदुतावास, ढाका, बंगलादेशको समन्वय एवं सहजिकरणमा उक्त मेला व्यवस्थापन कार्य भएको छ भने केन्द्रबाट छनौट गरिएका नेपालका १९ वटा उद्योगी/फर्म/कम्पनीका तर्फबाट ३ दर्जन भन्दा बढी व्यवसायीहरुको सहभागिता रहने र उक्त मेलामा नेपालका मौलिक उत्पादनहरुको प्रदर्शनी तथा विक्रि वितरण गरिनेछ । नेपाल धागो उत्पादक संघ, ईलाम चिया उत्पादक प्रा.लि., जडीबुटी व्यवसायी र महिला उद्यमीहरुले B2B Meeting मा सहभागिता जनाउने छन् ।

नेपाली पश्मिना, चाँदीका गरगहना, हस्तकलाका सामाग्री, ढाका कपडा, नेपाली टोपी, खुकुरी, फेल्टका समाग्रीहरु, अल्लोबाट निर्मित ब्याग तथा कपडा, सजावटका सामाग्री एवं नेपालको धागो र जडीबुटीको विशेष प्रदर्शनी गरिने उक्त व्यापार मेलाको अवसरमा B2B, नेपाल बङ्गलादेश व्यापार तथा लगानी विषय G2G स्तरमा छलफल एवं बंगलादेश स्थित व्यापारिक संघ तथा व्यवसायीहरु बीच नेपाली राजदुतावास बंगलादेशबाट कार्यक्रमको संयोजन गर्ने समेत तयारी गरिएको छ ।

यस व्यापारमेलाबाट नेपाल बंगलादेश व्यापार तथा लगानी प्रवर्द्धन निकासी योग्य वस्तुको बजारिकरणका साथै नेपालको बढ्दो व्यापार घाटा कम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले सहभागिहरुसँग भेटघाट गरी नेपाली गुणस्तरीय वस्तुहरुको पहिचान गराउन र मेलाबाट अधिकतम व्यावसायिक लाभ लिनको लागी सफल हुने समेत आशा गरेको छ । यो व्यापारमेला बंगलादेशमा आयोजना हुने अन्तर्राष्ट्रिय स्तरको अति महत्वपूर्ण एवं ठुलो व्यापार मेला भएकोले नेपाली वस्तुको प्रदर्शनीमा समेत विशेष महत्व दिन तथा व्यवसायिकरणमा जोडदिने किसिमले सहभागिता गराईएकोले यस व्यापार मेलामा नेपालको प्रभावकारी सहभागिताबाट नेपालको निर्यात व्यापार, लगानी तथा पर्यटनका क्षेत्रमा लाभ प्राप्त हुने देखिन्छ ।